# लोमन्थाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## लोमन्थाङ, मुस्ताङ

### स्वास्थ्यकर्मीहरु करारमा लिने सम्बन्धी सुचना

सुचना प्रकाशित मिति २०७७/०८/२१

यस गाउँपालिकामा कोभिड १९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थापना हुने **कोभिड-१९ अस्थायी अस्पताल**को लागि देहाय बमोजिमको स्वास्थ्यकर्मीहरु करारमा पदपूर्ति गर्नु पर्ने भएकाले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा कार्यालयमा दरखास्त दिनु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशति गरिएको छ । आवेदन फाराम तथा थप जानकारी कार्यालयमा सम्पर्क राखी तथा कार्यालयको वेभ साइट मार्फत प्राप्त गर्न सकिनेछ ।

**करारमा लिनु पर्ने पदको विवरण**

| सुचना नं. | पद | तह | माग संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|
| ०१/२०७७/७८ | मेडिकल अधिकृत | अधिकृत आठौ | १ | १,०००।- |
| ०२/२०७७/७८ | स्टाफ नर्स | सहायक पाँचौ | २ | ५,००।- |
| ०३/२०७७/७८ | कार्यालय सहयोगी | श्रेणिविहिन | १ | ३,००।- |

**आवश्यक योग्यता र अनुभव**

| **क) मेडिकल अधिकृतको लागि :** | **ख) स्टाफ नर्सको लागि :** |
|---|---|
| १) नेपाली नागरिक<br>२) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट एम.बि.बि.एस. उर्त्तिण गरेको तथा सम्बन्धित काउन्सिलमा दर्ता भएको<br>३) उमेर : कम्तीमा २१ वर्ष पुरा भएको र ४५ वर्ष ननाघेको | १) नेपाली नागरिक ।<br>२) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स उर्त्तिण गरेको तथा सम्बन्धित काउन्सिलमा दर्ता भएको<br>३) उमेर : कम्तीमा १८ वर्ष पुरा भएको र ४५ वर्ष ननाघेको |
| **ग) कार्यालय सहयोगीको लागि:**<br>१) नेपाली नागरिक<br>२) सामन्य लेखपढ गर्न सक्ने<br>३) उमेर : कम्तीमा १८ वर्ष पुरा भएको | |

**आवेदन फाराम साथ पेश गर्न पर्ने कागजात**

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि ।

२) नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट माथि तोकिएको शैक्षिक उपाधी उर्त्तिण गरेको मार्कसिट तथा चारित्रिक प्रमाणपत्र तथा सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि ।

३) आवेदन दस्तुर बापतको रकम बैक दाखिला गरेको सक्कलै भौचर ।

(आवेदन दस्तुर बापतको रकम बुझाउने खाता नं ग १.१ आन्तरिक राजश्व खाता १५८०१२९८६५३०००७१ प्रभु बैंक लि. लोमन्थाङ शाखा)

४. उम्मेदवारको व्यक्तिगत विवरण

५. २ प्रति पासपोर्ट साइजको फोटो

६. कार्य अनुभव भएमा प्रमाणित प्रतिलिपि ।

**पदपूर्ति सम्वन्धि अन्य व्यवस्था**

**१.** छनौट प्रक्रिया लगायतका अन्य व्यवस्थाा लोमन्थाङ गाउँपालिकाको '**लोमन्थाङ गाउँपालिकामा करारमा प्रविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७५**' अनुसार हुनेछ ।

**२.** कोभिड १९ रोगको रोकथाम, नियन्त्रण तथा उपचारमा कार्यनुभव भएका उम्मेदवारलाई विशेष प्राथमिकता दिइनेछ ।

**३.** करार अवधी लगायतका अन्य व्यवस्था **स्थानीय तहमा कोभिड १९ अस्थायी अस्पताल संन्चालन सम्वन्धी मार्गदर्शन २०७७** को परिधी भित्र रहि तय हुनेछ ।

**४. कार्यक्षेत्र** : सबै पदका लागी **कोभिड १९ रोकथाम, नियन्त्रण तथा उपचार**मा हुनेछ ।

**५. परिक्षाको किसिम** : सर्ट लिस्ट र अन्तर्वार्ता (अन्तर्वार्ताको मिति योग्यताक्रमको सूचि प्रकाशित हुदा तोकिने)

**६.** सुचनामा उल्लेख भए बाहेकका अन्य विषय कार्यालयको निर्णय बमोजिम हुनेछ ।

**नोटः** कार्यालयमा सम्पर्क राखि आवेदन फाराम बुझाउन असमर्थ उम्मेदवारहरुले कार्यालयको इमेल vacany.lomanthang@gmail.com मा माथि उल्लेखित सम्पूर्ण कागजात र बैंक भौचरको स्क्यान कपि पठाई समेत दरखास्त फाराम बुझाउन सकिने छ । उक्त कागजातको सक्कल प्रति अन्तवार्ताको लागी तोकिएको समय भन्दा एक घण्टा अगावै कार्यालयमा रुजु गराउनु पर्नेछ । थप जानकारी ९८६०२७८१४५ तथा ९८५७६३०३३० मा सम्पर्क गरी लिन सकिने छ ।